प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## शैक्षिक शत्र २०७६/०७७ मा डिप्लोमा तथा प्रमाणपत्र तहको वर्गिकृत (नि:शुल्क) छात्रवृत्ति छनौटका लागि आवेदन फाराम भर्ने तथा प्रवेश परीक्षा संचालन सम्बन्धी अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति २०७६।०३।२१ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् प.नि.का.बाट संचालन गरिने डिप्लोमा तथा प्रमाणपत्र तहका तपसिल बमोजिमका शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०७६/०७७ मा "डिप्लोमा तथा प्रमाण-पत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७४(दोश्रो संशोधन)" बमोजिम परिषद्‌बाट संचालन सम्बन्धन स्वीकृती प्राप्त शिक्षण संस्थाहरुमा निर्धारण गरिएका वर्गिकृत (नि:शुल्क) छात्रवृत्ती कोटामा भर्नाका लागि तपसिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट तोकिएको म्याद भित्र रितपूर्वक आवेदन फाराम माग गरिएको हुंदा सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

**१. वर्गिकृत (नि:शुल्क) छात्रवृत्ति सम्बन्धी जानकारी:**

परिषद्का आंगिक, सामुदायिक, साझेदार तथा निजी स्तरमा संचालित शिक्षण संस्थाहरुमा डिप्लोमा तथा प्रमाणपत्र तहमा भर्ना हुने विद्यार्थीहरुको संख्या जतिसुकै भएतापनि प्रत्येक शैक्षिक कार्यक्रममा नेपाली नागरिकलाई देहाय बमोजिम कोटा संख्यामा छात्रवृत्ति प्रदान गरिनेछ ।

**तपसिल**

| छात्रवृत्तिको विवरण | २० स्वीकृत कोटाको प्रत्येक शैक्षिक कार्यक्रममा | ३० स्वीकृत कोटाको प्रत्येक शैक्षिक कार्यक्रममा | ४० स्वीकृत कोटाको प्रत्येक शैक्षिक कार्यक्रममा | ४८ स्वीकृत कोटाको प्रत्येक शैक्षिक कार्यक्रममा |
|---|---|---|---|---|
| वर्गिकृत (नि:शुल्क) | १ | २ | ३ | ४ |

**परिषद् स्तर निर्धारण महाशाखाबाट प्राप्त शिक्षण संस्थाको विवरण अनुसार यस सूचना बमोजिम कायम हुन आउने वर्गिकृत (नि:शुल्क) छात्रवृत्ति कोटाहरु निम्न बमोजिम रहेको छ । शिक्षण संस्थाको थप सूची प्राप्त भएमा सोही बमोजिम कोटा संख्या थप हुनेछ ।**

| शैक्षिक कार्यक्रम | प्रदेश नम्बर | | | | | | | जम्मा कोटा संख्या |
|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | गण्डकी | ५ | कर्णाली | सु.प | |
| प्रमाणपत्र तह नर्सिङ्ग | २९ | ४१ | १२९ | २१ | ५१ | ३ | १३ | २८७ |
| प्रमाणपत्र तह सामान्य चिकित्सा | ३० | ३९ | ७२ | ९ | ३० | ३ | १२ | १९५ |
| प्रमाणपत्र तह मेडिकल ल्याब टेक्नोलोजी | १० | १६ | ५४ | ८ | २२ | ० | ६ | ११६ |
| प्रमाणपत्र तह डेण्टल साइन्स (डेण्टल हाइजिन) | ३ | ३ | १८ | ३ | ० | ० | ० | २७ |
| प्रमाणपत्र तह डाइग्नोष्टिक रेडियोग्राफी | १० | २ | २८ | ४ | ४ | ० | ० | ४८ |
| प्रमाणपत्र तह सामान्य आयुर्वेदिक चिकित्सा | ० | ३ | ६ | ० | ० | ० | ० | ९ |
| प्रमाणपत्र तह अप्थाल्मिक साइन्स | ० | ३ | ६ | ३ | ९ | ० | ० | २१ |
| प्रमाणपत्र तह अकुपञ्चर अकुप्रेशर एण्ड मोक्सिवेशन | ० | ० | ३ | ० | ० | ० | ० | ३ |
| डिप्लोमा ईन फार्मेसी | १५ | ९ | ६६ | ३ | १५ | ० | ६ | ११४ |
| प्रमाणपत्र तह फिजियोथेरापी | ० | ० | २ | ० | ० | ० | ० | २ |
| डिप्लोमा ईन सिभिल इन्जिनियरिङ्ग | ४४ | ४४ | १४४ | ४४ | ९२ | २८ | ५५ | ४५१ |
| डिप्लोमा ईन इलेक्ट्रिकल इन्जिनियरिङ्ग | ४ | १६ | २४ | ७ | ४ | ० | ८ | ६३ |
| डिप्लोमा ईन इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग | ४ | ८ | १२ | ० | ८ | ० | ० | ३२ |
| डिप्लोमा ईन इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग | ० | ० | ० | ० | ४ | ० | ० | ४ |
| डिप्लोमा ईन जिओमेटिक्स ईञ्जिनियरिङ्ग | ० | ४ | १२ | ० | ४ | ० | ० | २० |
| डिप्लोमा ईन आर्किटेक्चर ईञ्जिनियरिङ्ग | ० | ० | १२ | ० | ० | ० | ० | १२ |
| डिप्लोमा ईन मेकानिकल इन्जिनियरिङ्ग | ४ | ४ | ४ | ० | ४ | ० | ० | १६ |
| डिप्लोमा ईन अटोमोवाइल इन्जिनियरिङ्ग | ० | ० | ० | ० | ८ | ० | ० | ८ |
| डिप्लोमा ईन कम्प्यूटर इन्जिनियरिङ्ग | २० | २४ | २४ | १६ | २८ | ४ | १२ | १२८ |
| डिप्लोमा ईन इन्फरमेसन टेक्नोलोजी | ० | ० | ४ | ० | १२ | ० | ० | १६ |
| डिप्लोमा ईन रेफ एण्ड एयर कन्डिशनिङ्ग इन्जिनियरिङ्ग | ० | ० | ० | ० | ४ | ० | ० | ४ |
| डिप्लोमा ईन हाइड्रोपावर इन्जिनियरिङ्ग | ० | ० | ४ | ० | ० | ० | ० | ४ |
| डिप्लोमा इन एग्रिकल्चर (बाली विज्ञान) | ३३ | ३० | ६० | ३३ | ६० | ७२ | ६० | ३४८ |
| डिप्लोमा इन एग्रिकल्चर (पशु विज्ञान) | १२ | १५ | २४ | १५ | २७ | १२ | ९ | ११४ |
| डिप्लोमा इन फुड एण्ड डेरी टेक्नोलोजी | ३ | ३ | ३ | ० | ० | ० | ० | ९ |
| डिप्लोमा इन फरेष्ट्री | ३ | ३ | १२ | ३ | ६ | ३ | ० | ३० |
| डिप्लोमा इन होटल म्यानेजमेण्ट | ० | ३ | ० | ३ | ० | ० | ० | ६ |
| डिप्लोमा इन सोसियल वर्कर | ० | ० | ३ | ० | ० | ० | ० | ३ |
| डिप्लोमा इन इन्टरप्रेनरशिप डेभलपमेण्ट | ० | ० | ३ | ० | ० | ० | ० | ३ |
| **जम्मा** | **२२४** | **२७०** | **७३२** | **१७२** | **३९२** | **१२५** | **१८१** | **२०९६** |

परिषद्का प्रत्येक आंगिक, साझेदारी, सामुदायिक विद्यालय र निजी स्तरमा संचालित शिक्षण संस्थाहरुमा प्रवेश परीक्षा संचालनको लागि स्वीकृत पाएका प्रत्येक शैक्षिक कार्यक्रममा वर्गिकृत छात्रवृत्तिको लागि निर्धारित कुल संख्यालाई १०० प्रतिशत कायम गरि उक्त संख्यालाई ५०-५० प्रतिशतमा साधारण र लक्षित वर्ग गरी दुई समूहमा विभाजन गरी नेपालको सरकारी वा सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा, एस.ई.ई., परिषद् तथा त्रिभुवन विश्वविद्यालयका आंगिक शिक्षण संस्थाबाट प्राविधिक एस.एल.सी परीक्षा वा सो सरह उत्तीर्ण गरेका नेपाली नागरिकलाई भर्ना सम्बन्धी निर्देशिकाको बुँदा नं. ७ को क्र.सं. १ मा उल्लेख भए वमोजिमको संख्यामा नि:शुल्क छात्रवृत्ति प्रदान गरिनेछ ।

**(क) साधारण समुह** :नेपालको सरकारी वा सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा, एस.ई.ई., परिषद् तथा त्रिभुवन विश्वविद्यालयका आंगिक शिक्षण संस्थाबाट प्राविधिक एस.एल.सी परीक्षा वा सो सरह उत्तीर्ण योग्यता पुगेका नेपाली नागरिकहरुलाई लक्षित तथा साधारण समुहका निर्देशिकामा उल्लेख भए वमोजिमको प्रतिशतलाई सत प्रतिशत कायम गरि बर्गिकृत (नि:शुल्क) छात्रवृत्ति प्रदान गरिनेछ ।

**(ख) लक्षित वर्ग समुह** : नेपालको सरकारी वा सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा, एस.ई.ई., परिषद् तथा त्रिभुवन विश्वविद्यालयका आंगिक शिक्षण संस्थाबाट प्राविधिक एस.एल.सी परीक्षा वा सो सरह उत्तीर्ण गरेका तपसिलका लक्षित वर्गका नेपाली नागरिकहरुलाई निर्देशिकामा निर्धारित भए वमोजिमको प्रतिशतलाई सत प्रतिशत कायम गरि निम्न वमोजिमको आरक्षित गरिएको प्रतिशतमा कार्यक्रम अनुसारको सिट संख्यामा नि:शुल्क (वर्गिकृत) छात्रवृत्ति प्रदान गरिनेछ ।

तपसिल

| क.सं. | लक्षित वर्ग | आरक्षित प्रतिशत | |
|---|---|---|---|
| १ | **अपाङ्ग** | | २ |
| २ | **पूर्व कमैया/हलिया** | | २ |
| ३ | **पिछडिएको दुर्गम क्षेत्र** | | ४ |
| ४ | **दलित** | | ९ |
| ५ | **महिला (एकल महिलालाई पहिलो प्राथमिकता दिइनेछ)** | | २५ |
| | क. मुस्लिम समुदायका महिला | २ | |
| | ख. दलित समुदायका महिला | ३ | |
| | ग. क्र.सं. ५ क र ख बाहेकका महिला | २० | |
| ६ | **आदिवासी-जनजाति (सूचीकृत)** | | २५ |
| | क. समूह क मा पर्ने जातजाती | ४ | |
| | ख. समूह ख मा पर्ने जातजाती | ५ | |

| | | | |
|---|---|---|---|
| | ग. समूह ग मा पर्ने जातजाती | ५ | |
| | घ. समूह घ मा पर्ने जातजाती | ५ | |
| | ङ. समूह ङ मा पर्ने जातजाती | ६ | |
| ७ | **आर्थिक वा सामाजिक रुपमा विपन्न** | | ३३ |
| | क. मुस्लिम समुदाय | २ | |
| | ख. मधेशी समुदायका दलित | ३ | |
| | ग.जनआन्दोलन/जनयुद्ध/मधेश आन्दोलन/द्वन्द पिडीत/विस्थापित/बेपत्ता परिएका व्यक्ति र शहिद परिवार तथा घाइते वा निजको सन्तति | ३ | |
| | घ. क्र.सं. ७ क र ख बाहेकका मधेशी समुदाय | १५ | |
| | ङ क्र.सं. ७ क, ख, ग र घ बाहेकका आर्थिक वा सामाजिक रुपमा विपन्न | १० | |

- यदि कुनै तोकिएको कार्यक्रमको अध्यापन कार्य संचालन नहुने अवस्था आइपरेमा यस बमोजिमको छात्रवृत्ति प्रदान गरिने छैन ।
- परिषद्बाट छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने विद्यार्थीले अध्ययन पश्चात नेपाल सरकारले चाहेमा तोकिएको समय सम्म खटाएको स्थानमा गई सेवा गर्नु पर्नेछ । सो का लागि आवेदन फाराममा उल्लेखित कबुलियतनामा गरी आवेदन फाराम भर्न सक्नेछन ।
- कुनै पनि परीक्षार्थीले यस निर्देशिका बमोजिमको शैक्षिक कार्यक्रम अध्ययनका लागि परिषद् वा अन्य सरकारी निकायबाट उपलब्ध गराइने छात्रवृत्तिहरु मध्ये निजले रोजेको एउटा मात्र छात्रवृत्ति प्राप्त गर्नेछ ।
- छात्रवृत्ति पाउने मनसायले नक्कली कागजपत्रहरु पेश गरी छात्रवृत्ति पाएको ठहर भएमा जुनसुकै अवस्थामा परिषद्, प.नि.का. ले रजिष्ट्रेशन खारेज गरी निज उपर प्रचलित कानून बमोजिम कार्वाहीका लागि सिफारीस गर्नेछ । त्यस्ता परीक्षार्थीलाई परिषद्बाट संचालन हुने कुनै पनि किसिमको परीक्षामा ५ वर्षसम्म समावेश गराइने छैन । छात्रवृत्तिमा सिफारिश भई भर्ना भएका परीक्षार्थीहरुले आफू अध्ययनरत शिक्षण संस्थामा लाग्ने कुनै पनि किसिमको शुल्क तिर्नु पर्ने छैन । अध्ययन अवधिभर खाने र बस्ने व्यवस्था भने परीक्षार्थी आफैंले गर्नुपर्ने छ ।

## २. अध्ययन गराइने शैक्षिक कार्यक्रम तथा आवश्यक न्यूनतम शैक्षिक योग्यता

**(क) अक्षराङ्कन पद्धति लागु हुनु पूर्वका प्रवेशिका परीक्षाको हकमा :**

| क्र.सं. | अध्यापन गराइने शैक्षिक कार्यक्रम | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १ | प्रमाणपत्र तह नर्सिङ्ग | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण वा कुल प्राप्ताङ्कमा ४५ प्रतिशत अंक प्राप्त वा एस.एल.सी. उत्तीर्ण भई परिषद् वा त्रिभुवन विश्वविद्यालयबाट यस बमोजिम संचालन हुने कार्यक्रमसंग सम्बन्धित प्राविधिक एस.एल.सी. को कुल पूर्णाङ्कमा क्रमशः ६८.३३ र ६६.६७ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको हुनु पर्नेछ ।<br>एस.एल.सी. (प्राविधिक धार) को योग्यताको हकमा उल्लेखित शैक्षिक कार्यक्रमका लागि तोकिएको प्रतिशत भित्र पर्ने ग्रेड कायम हुनेछ । |
| २ | डिप्लोमा इन एग्रिकल्चर (बाली विज्ञान) | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण वा परिषद् वा त्रिभुवन विश्वविद्यालयबाट यस बमोजिम संचालन हुने कार्यक्रमसंग सम्बन्धित प्राविधिक एस.एल.सी. को कुल पूर्णाङ्कमा क्रमशः ६८.३३ र ६६.६७ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण ।<br>एस.एल.सी. (प्राविधिक धार) को योग्यताको हकमा उल्लेखित शैक्षिक कार्यक्रमका लागि तोकिएको प्रतिशत भित्र पर्ने ग्रेड कायम हुनेछ । |
| ३ | डिप्लोमा इन एग्रिकल्चर (पशु विज्ञान) | |
| ४ | डिप्लोमा इन फुड एण्ड डेरी टेक्नोलोजी | |
| ५ | डिप्लोमा इन फरेष्ट्री | |
| ६ | डिप्लोमा ईन सिभिल इन्जिनियरिङ्ग | |
| ७ | डिप्लोमा ईन इलेक्ट्रिकल इन्जिनियरिङ्ग | |
| ८ | डिप्लोमा ईन इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग | |
| ९ | डिप्लोमा ईन इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग | |
| १० | डिप्लोमा ईन जिओमेटिक्स ईञ्जिनियरिङ्ग | |
| ११ | डिप्लोमा ईन आर्कीटेक्चर ईञ्जिनियरिङ्ग | |
| १२ | डिप्लोमा ईन मेकानिकल इन्जिनियरिङ्ग | |
| १३ | डिप्लोमा ईन अटोमेकानिकल इन्जिनियरिङ्ग | |
| १४ | डिप्लोमा ईन ईन्फरमेशन टेक्नोलोजी (आई.टी.) | |
| १५ | डिप्लोमा ईन कम्प्यूटर इन्जिनियरिङ्ग | |
| १६ | डिप्लोमा ईन रेफ एण्ड एसी इन्जिनियरिङ्ग | |
| १७ | डिप्लोमा ईन हाइड्रोपावर इन्जिनियरिङ्ग | |
| १८ | डिप्लामो इन होटल म्यानेजमेण्ट | |
| १९ | डिप्लोमा ईन फार्मेसी | |
| २० | प्रमाणपत्र तह सामान्य चिकित्सा | |
| २१ | प्रमाणपत्र तह मेडिकल ल्याब टेक्नोलोजी | |
| २२ | प्रमाणपत्र तह डेण्टल साइन्स (डेण्टल हाइजिन) | |
| २३ | प्रमाणपत्र तह डाइग्नोष्टिक रेडियोग्राफी | |
| २४ | प्रमाणपत्र तह होमियोप्याथी | |
| २५ | प्रमाणपत्र तह सामान्य आयुर्वेदिक चिकित्सा | |
| २६ | प्रमाणपत्र तह अप्थाल्मिक विज्ञान | |
| २७ | प्रमाणपत्र तह अकुपञ्चर | |
| २८ | प्रमाणपत्र तह फिजियोथेरापी | |
| २९ | डिप्लोमा इन इन्टरप्रिनरसिप डेभलपमेण्ट फ्यासिलिटेटर | |
| ३० | डिप्लोमा इन सोसियल वर्कर | |

**(ख) अक्षराङ्कन पद्धतिको नतिजाको हकमा :**

| क्र.सं. | अध्यापन गराइने शैक्षिक कार्यक्रम | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १ | प्रमाणपत्र तह नर्सिङ्ग | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयमा न्यूनतम C ग्रेड प्राप्त गरी समग्र ग्रेड Grade Point Average (GPA) - न्यूनतम 2 प्राप्त । |
| २ | प्रमाणपत्र तह सामान्य चिकित्सा | |
| ३ | प्रमाणपत्र तह मेडिकल ल्याब टेक्नोलोजी | |
| ४ | प्रमाणपत्र तह डेण्टल साइन्स (डेण्टल हाइजिन) | |
| ५ | प्रमाणपत्र तह डाइग्नोष्टिक रेडियोग्राफी | |
| ६ | प्रमाणपत्र तह होमियोप्याथी | |
| ७ | प्रमाणपत्र तह सामान्य आयुर्वेदिक चिकित्सा | |
| ८ | प्रमाणपत्र तह अप्थाल्मिक विज्ञान | |
| ९ | प्रमाणपत्र तह अकुपञ्चर | |
| १० | डिप्लोमा ईन फार्मेसी | |

| | | |
|---|---|---|
| ११ | प्रमाणपत्र तह फिजियोथेरापी | |
| १२ | डिप्लोमा ईन सिभिल इन्जिनियरिङ्ग | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य गणित र विज्ञानमा न्यूनतम C ग्रेड र अंग्रेजीमा विषयमा न्यूनतम D+ ग्रेड प्राप्त ।<br><br>एस.एल.सी. वा एस.ई.ई. प्राविधिक धारमा इलेक्ट्रिकल, सिभिल, कम्प्युटर इन्जिनियरिङ्ग कार्यक्रम अध्ययन गर्नेको हकमा सोही कार्यक्रम अध्ययन गर्न चाहेमा एस.एल.सी. वा एस.ई.ई. प्राविधिक धारमा GPA 1.6 प्राप्त साथै अन्य कार्यक्रममा भर्ना हुन चाहेमा अन्य कार्यक्रमको भर्ना मापदण्ड बमोजिमनै शैक्षिक योग्यता प्राप्त । |
| १३ | डिप्लोमा ईन इलेक्ट्रिकल इन्जिनियरिङ्ग | |
| १४ | डिप्लोमा ईन इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग | |
| १५ | डिप्लोमा ईन इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग | |
| १६ | डिप्लोमा ईन जिओमेटिक्स ईञ्जिनियरिङ्ग | |
| १७ | डिप्लोमा ईन आर्कीटेक्चर ईञ्जिनियरिङ्ग | |
| १८ | डिप्लोमा ईन मेकानिकल इन्जिनियरिङ्ग | |
| १९ | डिप्लोमा ईन अटोमोबाइल इन्जिनियरिङ्ग | |
| २० | डिप्लोमा ईन ईन्फरमेशन टेक्नोलोजी (आई.टी.) | |
| २१ | डिप्लोमा ईन कम्प्यूटर इन्जिनियरिङ्ग | |
| २२ | डिप्लोमा ईन रेफ एण्ड एसी इन्जिनियरिङ्ग | |
| २३ | डिप्लोमा ईन हाइड्रोपावर इन्जिनियरिङ्ग | |
| २४ | डिप्लोमा इन एग्रिकल्चर (बाली विज्ञान) | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य अंग्रेजी, गणित, र विज्ञान मध्ये कुनै दुई वटा विषयमा न्यूनतम C ग्रेड र कुनै एक विषयमा न्यूनतम D+ ग्रेड प्राप्त ।<br><br>एस.एल.सी. वा एस.ई.ई. प्राविधिक धारमा कृषि वाली विज्ञान र कृषि पशु विज्ञान कार्यक्रम अध्ययन गर्नेको हकमा सोही कार्यक्रम अध्ययन गर्न चाहेमा एस.एल.सी. वा एस.ई.ई. प्राविधिक धारमा GPA 1.6 प्राप्त साथै अन्य कार्यक्रममा भर्ना हुन चाहेमा अन्य कार्यक्रमको भर्ना मापदण्ड बमोजिमनै शैक्षिक योग्यता प्राप्त । |
| २५ | डिप्लोमा इन एग्रिकल्चर (पशु विज्ञान) | |
| २६ | डिप्लोमा इन फुड एण्ड डेरी टेक्नोलोजी | |
| २७ | डिप्लोमा इन फरेष्ट्री | |
| २८ | डिप्लोमा इन होटल म्यानेजमेण्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयमा न्यूनतम D+ ग्रेड प्राप्त |
| २९ | डिप्लोमा इन इन्टरप्रिनरसिप डेभलपमेण्ट फ्यासिलिटेटर | |
| ३० | डिप्लोमा इन सोसियल वर्कर | |

ग) तोकिएको कार्यक्रमको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता नपुगी ग्रेड वृद्धिका लागि एस.ई.ई.को मौका परीक्षामा समावेश हुने परीक्षार्थीहरुले मार्कसिट र प्रवेश पत्रको प्रमाणित प्रतिलिपि सहित यस बमोजिमको प्रवेश परीक्षाको आवेदन फाराम भरी परीक्षामा सामेल हुन पाउने छन् तर यसरी आवेदन फारम भर्नेहरुको हकमा सोको परीक्षाफल प्रकाशित भई निर्देशिकाले निर्धारण गरे बमोजिमको योग्यता नपुग भएमा निजको प्रवेश परीक्षा स्वत: रद्द हुने कबुलियतनामा गरी आवेदन फाराम भर्न सक्नेछन ।

## ३. आवेदन फाराम साथ पेश गर्नुपर्ने कागजातहरु

**क)** नेपाली नागरिक हो भनी प्रमाणित हुने नागरीकता वा नावालिग वा जन्म दर्ताको प्रमाणपत्र वा अन्य कुनै प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

**ख)** सरकारी वा सामुदायिक विद्यालय, परिषद् र त्रिभुवन विश्व विद्यालयको आंगिक शिक्षण संस्था हो भनी क्रमश: सम्बन्धित जिल्लाको शिक्षा विकास समन्वय इकाई कार्यालयबाट वा सम्बन्धित विद्यालय, परिषद् शिक्षालय र त्रिभुवन विश्व विद्यालयले प्रमाणित गरेको पत्रको प्रमाणित प्रतिलिपी ।

**ग)** दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७४ (दोस्रो संशोधन सहित) को अनुसूची १ अनुसारका जातीहरु र सूचीकृत भएको जाती भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालय/पालिकाबाट प्रमाणित गरिएको दलित प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

**घ)** मधेशी/मुसलमानहरुको हकमा सम्बन्धित पालिका/जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरीदिएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

**ङ)** आदिवासी जनजातीको हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन बमोजिम सूचीकृत भएको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७४ को अनुसूची २ अनुसारका जातीहरु र सूचीकृत भएको जाती भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित पालिका/जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित गरिएको आदिवासी जनजाती प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

**च)** पिछडिएको दुर्गम क्षेत्रकाको हकमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लाबाट नै न्यूनतम शैक्षिक योग्यता तथा स्थायी बसोबास गरेको स्थानिय पञ्जीकाधिकारीको कार्यालयले जारी गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

**छ)** बेपत्ता पारिएका व्यक्ति र सहिद परिवार तथा घाइते वा निजको परिवारले विक्रम सम्वत २०६२।६३ को जनआन्दोलन, जनयुद्ध मधेश आन्दोलन लगायत मुलुक भित्र भएका सबै आन्दोलनको क्रममा बेपत्ता पारिएका व्यक्ति तथा सहिद परिवार/जन-आन्दोलन घाइते परिवार/द्वन्दपिडित/विस्थापित हो भनी सम्बन्धित जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरिदिएको प्रमाणपत्र र नाता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

**ज)** अपाङ्गको हकमा सम्बन्धित निकायले जारी गरेको अपाङ्ग परिचय पत्रको प्रमाणित प्रमाणित प्रतिलिपी ।

**झ)** पूर्व कमैया/हलीयाहरुको हकमा सम्बन्धित जिल्ला भूमि सुधार कार्यालयले जारी गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

**ञ)** विपन्न वर्गको हकमा सम्बन्धित पालिका कार्यालयले प्रमाणित गरिदिएको पत्रको प्रमाणित प्रतिलिपी ।

**ट)** स्पष्ट मुखाकृती देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को २ प्रति रंगीन फोटो । (फोटोको पछाडि नामथर र अध्ययन गर्न चाहेको कार्यक्रम)

**ठ)** एस.ई.ई./एस.एल.सी. वा सो सरहको शैक्षिक प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।

**ड)** एकल महिलाको हकमा स्थानिय पञ्जिकाधिकारी कार्यालयले जारी गरेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।

**ढ)** फारामसाथ पेश गर्नुपर्ने प्रमाणपत्रहरु परीक्षार्थी स्वयमले प्रमाणित गरी सूची बनाई पेश गर्नुपर्नेछ । आवेदन फाराममा उल्लेख गर्नुपर्ने कुरा उल्लेख नगर्ने र आवश्यक कागजात पेश नगर्ने परीक्षार्थीहरुको फाराम स्वत: रद्ध हुनेछ ।

**ण)** यस छात्रवृत्तिका लागि दुवै लक्षित वर्ग समूहको लागि एउटै आवेदन फाराममा हुनेछ । सो फाराममा आफु कुन वर्गमा पर्ने हो सोही व्यहोरा जनाउनु पर्नेछ । लक्षित वर्ग समूहमा आवेदन फाराम भर्न योग्य परीक्षार्थी साधारण समूहमा स्वत: आवेदक हुनेछ । यस छात्रवृत्तिमा आवेदन भर्ने परीक्षार्थीहरुको आफुले आवेदन फाराम बुझाएको प्रदेश स्तरमा प्रतिष्पर्धा हुनेछ ।

**त)** छात्रवृत्ति पाउने मनसायले नक्कली कागजपत्रहरु पेश गरी छात्रवृत्ति पाएको ठहर भएमा जुनसुकै अवस्थामा परिषद्ले रजिष्ट्रेशन खारेज गरी निज उपर प्रचलित कानून बमोजिम कार्वाही गरिनेछ । त्यस्ता परीक्षार्थीलाई परिषद्बाट संचालन हुने कुनै पनि किसिमको परीक्षामा ५ बर्ष सम्म समावेश गराइने छैन ।

## ४. प्रवेश परीक्षा सम्बन्धी जानकारी

अ.नेपाल सरकारको प्रवेशिका परीक्षाको पाठ्यक्रमको आधारमा अनिवार्य अंग्रेजी-२०, गणित-२० र विज्ञान-२० गरी जम्मा ६० पूर्णाङ्कको बस्तुगत बहु उत्तर प्रणालीको प्रवेश परीक्षा हुनेछ । भर्ना सम्बन्धी निर्देशिका २०७४ (दोस्रो संशोधन सहित) को बुंदा नं. ४ को (क) र (ख) बमोजिमको योग्यता पुगेका परीक्षार्थीहरुलाई ४० अंक प्रदान गरिने छ । प्रवेश परीक्षाको प्राप्ताङ्क र भर्ना सम्बन्धी निर्देशिका २०७४ (दोस्रो संशोधन सहित) को बुंदा नं. ४ को (क) र (ख) बमोजिमको योग्यता पुगेका परीक्षार्थीहरुलाई दिइने प्राप्ताङ्कको योगफलका आधारमा योग्यताक्रम निर्धारण गरिने छ । नमूना प्रश्नपत्र भर्ना सम्बन्धी निर्देशिका २०७४ को अनुसूचि ३ मा दिइएको छ ।

आ. परीक्षाको समय जम्मा १ घण्टा ३० मिनेटको हुनेछ ।

इ. परीक्षार्थीहरुले उत्तर पुस्तिकामा दिइएको निर्देशन राम्रोसंग पढी सोहि अनुसार उत्तर दिनु पर्नेछ ।

क. उत्तरपुस्तिकामा दिईएका ४ वटा गोलो घेरा मध्ये सही उत्तर एकमा Black Gel Pen ले गोलो भित्र पूर्ण रुपमा कालो हुने गरी ढाक्नु पर्नेछ । जस्तै सही उत्तर B भए

○ ● ○ ○
A B C D

ख. एक भन्दा बढी सम्भावित उत्तरमा चिन्ह लगाएमा वा उत्तरमा केरमेट गरेमा त्यस्ता उत्तरहरु स्वत: रद्द हुनेछन् । जस्तै सही उत्तर B हुंदा

○ ● ● ○
A B C D

## ५.आवेदन फाराम भर्ने तथा बुझाउने सम्बन्धी विवरण :

**१. दरखास्त फाराम तथा प्रवेश परीक्षा शुल्क : रु.१,०००।- (रु.एक हजार मात्र)**

**२. फाराम बितरण मिति : २०७६ आषाढ २२ गते देखि ।**

**३. फाराम बुझाउने अन्तिम मिति** : **२०७६ श्रावण १० गते सम्म ।**

**६. आवेदन फाराम पाइने र बुझाउने स्थानहरु** : **(आवेदन फाराम परीक्षार्थी स्वयमले परिषद्को वेभ साइट www.ctevt.org.np बाट डाउनलोड गरी प्रदेश अनुसार तोकिएको फाराम साथ संलग्न शिक्षण संस्थाहरुको सुचीबाट आफुले अध्ययन गर्न चाहेको शिक्षण संस्था प्राथमिकीकरण गरी तपसिलका शिक्षण संस्थाहरुमा बुझाउनु पर्नेछ)**

**तपसिल :**

**प्रदेश नं १**

क)परिषद्, प्रदेश कार्यालय, प्रदेश नं १, इटहरी, सुनसरी, फोन नं. ०२५-५८७०१९
ख)रत्न कुमार बान्तवा पोलिटेक्निक इन्स्टिच्यूट, साखेजुङ्ग, इलाम ९८५११५९८१८
ग)सुम्निमा पोलिटेक्निक इन्स्टिच्यूट, भोजपुर फोन ०२९-४२०७१६
घ)मनमोहन पोलिटेक्निक इन्स्टिच्यूट, हात्तीमुढा, मोरङ्ग फोन ०२१-६२२०५८, ४२०८७६

**प्रदेश नं २**

क) परिषद्, प्रदेश कार्यालय, प्रदेश नं २, रामानन्द चोक, जनकपुर, फोन नं. ०४१-५२८८६७
ख) लहान प्राविधिक शिक्षालय, लहान, सिराहा ०३३-५६००१५, ५६००१६
ग) बि.पि.मेमोरियल पोलिटेक्निक इन्स्टिच्यूट, सपही, धनुषा ९८५४०२९७३२
घ) सन्तअल्पमाई राम नारायण यादव नर्सिङ्ग कलेज, मलंगवा, सर्लाही फोन नं ०४६-५२१०७४
ङ) जयकिसान पोलिटेक्निक इन्स्टिच्यूट, धरहरी, रौतहट ९८४२८३३५२९

**प्रदेश नं ३**

क) परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर ०१-६६३०३४२
ख) परिषद्, प्रदेश कार्यालय, प्रदेश नं ३, हेटौंडा, मकवानपुर फोन नं. ०५७-५२४९९१
ग) नेपाल बनेपा पोलिटेक्निक ईन्स्टिच्यूट, बनेपा काभ्रेपलान्चोक, फोन नं. ०११-६६०८६७
घ) बालाजु स्कूल अफ इन्जिनियरिङ एण्ड टेक्नोलोजी, बालाजु औद्योगिक क्षेत्र, बालाजु, काठमाण्डौ, फोन नं.०१-४३५०२१३, ४३५०२१४
ङ) जिरी प्राविधिक शिक्षालय, जिरी, दोलखा **०४९-४०००६३**
च) शंकरापुर पोलिटेक्निक इन्स्टिच्यूट, सांखु, काठमाण्डौ ९८५१२४००९३
छ) रामेछाप पोलिटेक्निक इन्स्टिच्यूट, मन्थली, रामेछाप ०४८-५४०६२७
ज) नारायणी पोलिटेक्निक इन्स्टिच्यूट, चितवन, भरतपुर ०५६-५२१३१६

**गण्डकी प्रदेश**

क) परिषद्, गण्डकी प्रदेश कार्यालय, मालेमाटन, पोखरा फोन नं ०६१-५३२२७१
ख) गोरखा पोलिटेक्निक इन्स्टिच्यूट, पालुङ्गटार, गोरखा **०६४-४०००९५, ९८५६०४००९५**
ग) धवलागिरी पोलिटेक्निक इन्स्टिच्यूट, बलेवा, बागलुङ्ग ९८४६०२००९५
घ) तनहुं प्राविधिक शिक्षालय, भिमाद, तनहुं ०६५-५२९३८०
ङ) आधिंखोला बहु प्राविधिक शिक्षालय, स्याङ्गजा ९८४१२६४२४३

**प्रदेश नं ५**

क) परिषद्, प्रदेश कार्यालय, प्रदेश नं ५, बुटवल, फोन नं. **०७१-४२२०७३**
ख) राप्ती प्राविधिक शिक्षालय, लालमटिया, दाङ्ग ०८२-५८००५९, ५८००२९
ग) भेरी प्राविधिक शिक्षालय, नेपालगञ्ज, बांके, फोन नं. ०८१-५२२७०७, ५२३६५१
घ) शहिद कृष्णसेन इच्छुक बहुप्राविधिक शिक्षालय, घोराही, दाङ्ग ०८२-५६३९३४
ङ) रोल्पा पोलिटेक्निक इन्स्टिच्यूट, लिवाङ्ग, रोल्पा ९८५७८२४८९१

**कर्णाली प्रदेश**

क) परिषद्, कर्णाली प्रदेश कार्यालय, बीरेन्द्रनगर, सुर्खेत ०८३-५२१८८५, ५२३०२०
ख) कर्णाली प्राविधिक शिक्षालय, घुघुती, जुम्ला, फोन नं. ०८७-५२०१०५, ९८४१३८८४४७

**सुदुर पश्चिम प्रदेश**

क) परिषद्, प्रदेश कार्यालय, प्रदेश नं ७, धनगढी, कैलाली ०९१-४१२१८८
ख) टिकापुर पोलिटेक्निक इन्स्टिच्यूट, टिकापुर, कैलाली ०९१-५६१२९
ग) सेती प्राविधिक शिक्षालय, दिपायल, डोटी ०९४-४००१७६, ४४००२७
घ) भीमदत्त पोलिटेक्निक इन्स्टिच्यूट, पाटन, बैतडी फोन नं ०९५-४०००९४

७. प्रवेश परीक्षा हुने मिति :

छात्रवृत्ति तर्फ : २०७६ श्रावण १८ गते शनिवार विहान ७:०० बजे ।
परीक्षा समय : १ घण्टा ३० मिनेट ।

८. परीक्षा केन्द्रहरु : गोरखापत्र राष्ट्रिय दैनिकमा पछि प्रकाशित गरिनेछ ।

९. प्रवेश पत्र वितरण: : मिति २०७६ श्रावण १६ र १७ गते आवेदन फाराम बुझाएको कार्यालयहरुबाट

**१०.**आवेदन फाराम स्वीकृत गर्दा फाराम साथ संलग्न फोटोमा सम्बन्धित परीक्षार्थीले गरेको दस्तखत रुजु गरी सम्बन्धित कार्यालयका प्रमुखले फारामलाई दस्तखत गरी कार्यालयको छाप लगाई स्वीकृत गर्नु पर्नेछ ।

११. सम्बन्धित कार्यालयहरुले २०७६ श्रावण १४ गते बेलुकी ५:०० वजे भित्र आवेदन फाराम तथा प्रमाणित समष्टिगत फाराम परिषद्, प.नि.का.बाट प्रवेश परीक्षामा खटिएका वाह्य सुपरीवेक्षकलाई वुझाउनु पर्नेछ । यसरी बुझिलिएको आवेदन फाराम तथा प्रमाणित समष्टिगत फाराम वाह्य सुपरीवेक्षकले परीक्षा समाप्त भएपछि प्रवेश परीक्षा प्रतिवेदन सहित प.नि.का.सानोठिमी, भक्तपुरमा नतिजा प्रकाशन टोली प्रमुखलाई बुझाउनु पर्नेछ ।

१२. परीक्षार्थीले भरेको परीक्षा आवेदन फारामहरु सम्बन्धित कार्यालयहरुले परिषद् प.नि.का.बाट उपलब्ध गराइएको web based online application form भरी Submit गरी सक्नुपर्नेछ । परीक्षार्थीले भरेको आवेदन फाराम शिक्षण संस्थाले २०७६।०४।१२ गते राती १२:०० बजे भित्र Online submit नभएमा सो आवेदन फाराम स्वीकृत हुने छैन ।

१३.छात्रवृत्ति प्राप्त गर्ने बिद्यार्थीले परीक्षाको मर्यादा विपरीत वा प्रचलित कानूनले दण्डनीय काम गरेको ठहर भएमा छात्रवृत्तिको सुविधा स्वत: खारेज हुनेछ ।

१४. छात्रवृत्तिको प्रवेश परीक्षाको योग्यताक्रम सूचिमा रहेका प्रशिक्षार्थी पूर्ण शुल्किय कोटामा भर्ना भई रजिस्ट्रेशन कायम भए पश्चात छात्रवृत्तिहरु कोटा रिक्त रहेता पनि छात्रवृत्तिमा स्थानान्तरण गरिने छैन ।

१५. बसाई सराई गरेका आवेदकको हकमा आवेदन फाराम भर्ने सूचना प्रकाशित भएको मितिले कम्तिमा ६ महिना अगाडि बसाई सराई भएको कागजात सम्वन्धित पालिकाबाट प्रमाणित भएको हुनुपर्नेछ ।

१६. प्रशिक्षार्थीहरुले आवेदन फाराम भरेको प्रदेशभित्रको तोकिएको परीक्षा केन्द्रमा प्रवेश परीक्षा दिनु पर्नेछ । आवेदन फाराम भरेको प्रदेश/परीक्षा केन्द्र बाहेक अन्यत्रबाट प्रवेश परीक्षा दिएमा उक्त परीक्षा स्वत: रद्ध हुनेछ ।

१७. यस छात्रवृत्ति कार्यक्रममा निर्देशिका बमोजिम योग्यता पूरा गरेका परीक्षार्थीहरुले आफुलाई अध्ययन गर्न पायक पर्ने जुनसुकै प्रदेशबाट आवेदन फाराम भर्न सक्नेछन तर परीक्षार्थीहरुको छात्रवृत्ती छनौट आवेदन फाराम भरेको प्रादेशिक स्तरमा प्रतिस्पर्धाद्धारा योग्यताक्रम अनुसार हुनेछ ।

१८.प्रवेश परीक्षा संचालनको आचारसंहिता : प्रवेश परीक्षा संचालनमा परिषद्, प.नि.का.बाट खटिनु भएका बाह्य/सहायक सुपरीवेक्षक, केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, पर्यवेक्षक, कर्मचारी र परीक्षार्थीहरुलाई परीक्षा संचालन अवधिभर परीक्षा हल भित्र क्यामेरा,

मोबाइल फोन, स्मार्टवाच लगायत बिद्युतीय/इलेक्ट्रोनिक्स उपकरणहरु साथमा लिइ प्रवेश गर्न निषेध गरिएको छ ।

नोटः यस सूचनामा समावेश हुन नसकेका प्रवेश परीक्षा तथा भर्ना सम्बन्धी प्रावधानहरु परिषद्को ऐन, नियम, विनियम तथा परिषद् प.नि.का. द्वारा जारी गरिएको "डिप्लोमा तथा प्रमाण-पत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७४((दोस्रो संशोधन सहित) बमोजिम हुनेछ । आवेदन फाराम भर्ने परीक्षार्थी, अभिभावक तथा कार्यक्रम संचालन गर्ने शिक्षण संस्थाहरुले उल्लेखित निर्देशिका परिषद्को वेभसाइट www.ctevt.org.np बाट डाउनलोड गरी अनिवार्य रुपमा अध्ययन गर्नु हुन सूचित एवं अनुरोध गरिन्छ । प्रवेश परीक्षामा सफल गराई अध्ययनको अवसर प्रदान गराइदिन्छु भनी झुट्टा आश्वासन तथा भ्रम पैदा गराई कोही कसैले अनुचित प्रभाव पार्न चाहेमा त्यसप्रति पुर्ण सचेत रही प्रवेश परीक्षा मर्यादित एवं निष्पक्ष रुपमा संचालन गर्न गराउन सम्वन्धित बिद्यार्थी, अभिभावक र सरोकारवालाहरुमा हार्दिक अनुरोध गरिन्छ । साथै अन्य जानकारी आवश्यक परेमा आफुले अध्ययन गर्न चाहेको सम्बन्धित शिक्षण संस्था वा परिषद्का प्रदेश कार्यालयहरु इटहरी सुनसरी, जनकपुर धनुषा, हेटौडा, मकवानपुर, पोखरा, कास्की, वुटवल, रुपन्देही, विरेन्द्रनगर, सुर्खेत, धनगढी, कैलाली र परिषद्को परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।

**यो सूचना परिषद्को वेभसाइट www.ctevt.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**